# मुसीकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# मुसिकोट रुकुम (पश्चिम),
# कर्णाली प्रदेश,नेपाल

## विभिन्न सडकहरुको DPR गर्ने सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६।०२।१३**

यस मुसिकोट नगरपालिका भित्र निर्माण हुने तपशिल अनुसारका नगर सडकहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यका लागि इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट सो कार्य सम्बन्धी आशयपत्र संकल गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ३०(१) अनुसार यो सुचना प्रकासित गरिएको छ । सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा तपशिल अनुसार तोकिएको कागजातको आधारमा प्रस्ताव दर्ता गर्नुहुन जानकारी गराइन्छ ।

**तपशिल**

| सि. नं. | वडा नं. | परामर्श सेवाको विवरण | प्रस्ताव पेश तथा दर्ता गर्ने अन्तिम मिति र स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | १ देखि १४ सम्मका १४ वटा सडक | यस नगरपालिका भित्र रहेका १४ वटा वडामा कम्तिमा १-१ वटा सडकको सर्वे र डिजायन गरि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा नगरपालिका कार्यालयमा | |

**तपशिल**

१. इच्छुक व्यक्ति, फर्म वा संस्थाहरु यस नगरपालिकाको कार्यालयमा सूचिकृत हुनुपर्नेछ ।

२. सूचिकृत भएको प्रमाणपत्र सहित माथि उल्लेखित कार्य गर्नको लागि आवश्यक कागजात अनुमान सहितको आर्थिक तथा प्राविधिक प्रस्ताव सिलवन्दी खामभित्र राखि पेश गर्नुपर्नेछ ।

३. प्रस्तावसँगै व्यवसाय दर्ता प्रमाणपत्र/नविकरण, कर चुक्ता प्रमाण पत्र, कालोसूचीमा नपरेको स्वयम शुद्धताको घोषणा लगायत कार्य सम्पादन गर्न सक्ने आधार सहितका अन्य प्रस्तावदातासँग सम्वन्धित कागजातहरु पेश गर्नुपर्ने छ ।

४. प्रस्तावको आधारमा माथि उल्लेखित कार्य गर्न एउटै,संयुक्त वा छुट्टाछुट्टै प्रस्तावदाताको छनौट गरिनेछ ।

५. फर्म वा कम्पनिको हकमा फर्म वा कम्पनीको विवरण संगठन र कर्मचारीको विवरण तथा विगत केहि बर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र विवरण पेश गर्नु पर्नेछ ।

६. पेश भएका आशयपत्र स्विकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा रहने छ ।

७. माथि उल्लेहित भएका कार्यहरु सम्झौता भएको मितिले कार्यशर्तगत विवरणमा उल्लेखित अवधिमा सम्पन्न गरिसक्नु पर्नेछ ।

८. थप जानकारीको लागि यस कार्यालयको वेइभसाईट www.msikotmunrukum.gov.np मा हेर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत